आज मिति २०७८ साल असार ५ गते सुन्दरबजार नगरपालिकाका नगर प्रमुख श्री जनक राज मिश्र ज्यूको अध्यक्षतामा १०० औं बैठकको उपस्थिति तपशिल बमोजिम रह्यो ।

तपशिल

| सि. नं | नामथर | पद | दस्तखत |
|---|---|---|---|
| १ | श्री जनक राज मिश्र | नगर प्रमुख | |
| २ | श्री ज्ञानु शाह | नगर उप प्रमुख | |
| ३ | श्री ~~सूर्य बहादुर दुरा~~ कर्ण बहादुर गुरुङ | वडा अध्यक्ष वडा नं १ (का.वा.) | |
| ४ | श्री नबिन कुमार श्रेष्ठ | वडा अध्यक्ष वडा नं २ | |
| ५ | श्री ~~अमृत नेउपाने~~ बाल कुमारी दनाई क्षेत्री | वडा अध्यक्ष वडा नं ३ (का.वा.) | |
| ६ | श्री कृष्ण राज खनिया | वडा अध्यक्ष वडा नं ४ | |
| ७ | श्री ललित गुरूङ | वडा अध्यक्ष वडा नं ५ | |
| ८ | श्री रघुनाथ मिश्र | वडा अध्यक्ष वडा नं ६ | |
| ९ | श्री जयराम रेग्मी | वडा अध्यक्ष वडा नं ७ | |
| १० | श्री कृष्ण कान्त अधिकारी | वडा अध्यक्ष वडा नं ८ | |
| ११ | श्री मोती प्रसाद गुरूङ | वडा अध्यक्ष वडा नं ९ | |
| १२ | श्री जय बहादुर अधिकारी | वडा अध्यक्ष वडा नं १० | |
| १३ | श्री प्रेम बहादुर दुरा | वडा अध्यक्ष वडा नं ११ | |
| १४ | श्री भवानी के. सी. | नगर कार्यपालिका सदस्य | |
| १५ | श्री लक्ष्मी पोंखरेल | नगर कार्यपालिका सदस्य | |
| १६ | श्री चन्द्रमा घिमिरे | नगर कार्यपालिका सदस्य | |
| १७ | श्री बुद्ध कुमारी सुवर्णकार | नगर कार्यपालिका सदस्य | |
| १८ | श्री शान्ता भुजेल | नगर कार्यपालिका सदस्य | |
| १९ | श्री राजेन्द्र दर्जी | नगर कार्यपालिका सदस्य | |
| २० | श्री सुरेश कुमार दुरा | नगर कार्यपालिका सदस्य | |

अन्य उपस्थिति

| सि. नं | नाम थर | पद | दस्तखत |
|---|---|---|---|
| १ | दिबाकर पौडेल | प्रमुख प्रशासकीय अधिकृत | |

जनक राज मिश्र

मिति २०७८/०३/०५गते सुन्दरबजार नगरपालिका नगर कार्यपालिकाको १०० औं बैठकका निर्णयहरु:

१. राष्ट्रपति रनिङ् सिल्ड कार्यक्रम संचालन गर्दा नपुग हुन आएको रकम रु. ४,९९,९८९ (अक्षरेपी चार लाख उन्नासय हजार नौ सय उनानब्बे मात्र ) आर्थिक सहायता शिर्षकबाट भुक्तानी गर्ने निर्णय गरीयो ।

२. नमुना सामुदायिक अस्पताल मा कोभिड-१९ व्यवस्थापनमा खटिने स्वास्थ्यकर्मी तथा सहयोगीको खाजा, खाना सम्बन्धमा ९ जनासम्म बिरामी भएका दिनहरुमा नगरपालिकाबाट रु.४५० (अक्षरेपी चार सय पचासमात्र)का दरले उपलब्ध गराउने र विरामीको संख्या ९ भन्दा बढी भएमा सम्बन्धित अस्पताल व्यवस्थापन समितिले सो बराबरको रकम व्यवस्थापन गर्ने निर्णय गरीयो ।

३. हालसम्म नेपाल सरकारले तोकेको न्यूनतम पारीश्रमिक भन्दा न्यून पारीश्रमिक लिएका कार्यालय सहयोगी लगायतका कर्मचारीको पारीश्रमिक आ.व. २०७८/०७९ मा रु.१५००० (अक्षरेपी पन्ध्र हजार मात्र) का दरले उपलब्ध गराउने निर्णय गरीयो ।

४. वडा न. ८ को युक्त गुरुङ् भेडीखर्के साईला पार्कमा निर्माण भईरहेको पर्खाल बाढीले भत्क्याएको सम्बन्धमा पहिलाकै स्वरुपमा पिल्लर सहित पुन:निर्माण गर्न प्राविधिक स्टमेट अनुसारको रकम रु १,८७,०००(अक्षरेपी एक लाख सतासी हजार मात्र) क्षतिपूर्ती स्वरुप अन्य पूर्वाधार शीर्षकबाट विनियोजन गर्ने निर्णय गरीयो ।

५. गत आ.व.मा DPR निर्माणमा छुट्याईएको रु.१०,००००० मध्ये रु.५०००००(अक्षरेपी पाँच लाख मात्र) सिभिल ईन्जिनियरीङ् ल्याब सामाग्री खरीदका लागी विनियोजन गर्ने निर्णय गरीयो ।

६. एक गाउँ एक कृषि प्राविधिक कार्यक्रम अन्तर्गत यस स्थानीय तहमा कार्यरत चार जना कर्मचारीलाई६ महिनाको तलब भत्ता सम्बन्धितस्थानीय तहबाट व्यबस्थापन गर्ने सम्बन्धित निकायबाट परिपत्र आए बमोजिम रु ७०००००(अक्षरेपी सात लाखमात्र)आ.व. २०७८/०७९ को बजेटमा समावेश गर्ने निर्णय गरियो।

७. कृषि विकास शाखाको सशर्त तर्फको कार्यक्रम अन्तर्गत सुन्तला जातका कागतिका विरुवा खरिद सम्बन्धमा :

यसनगरपालिका कृषि विकास शाखाको चालु आ.व.२०७७/०७८ को वार्षिक कार्यक्रम अनुसार सशर्त अनुदान तर्फको फलफुल दशक अन्तर्गत स्थानीय तहमा सुन्तलाजात फलफुल विरुवा रोपण अभियान कार्यक्रमको संचालनको लागि सुनकागती कलमी विरुवा र सुनकागती बिजु विरुवा खरिदको लागि ठेक्का नं SUPPLY/SM/SO/KB/14/077/078 मिति २०७८/०२/०५ गते www.bolpatra.gov.np मा प्रकाशित सूचना अनुसार ५ वटा नर्सरी फर्म १)सुनिल फलफूल नर्सरी,रौतहट२)श्री शक्ति फलफूल नर्सरी,कटहरिया नगरपालिका ३ रौतहट३)ग्रीन लक एग्रो प्रा.लि.,लोकन्थली १ मध्यपुरठिमी भक्तपुर४)श्रीराजन नर्सरी फलफूल नर्सरी वागवानी फर्म,कटहरिया न.पा.३ रौतहटर५)श्रीहिर्कुष एग्रो फर्म,सु.न.पा १ कुन्छा लमजुङ नर्सरी धनिहरुले रितपूर्वक दरभाउपत्र पेश गरेकोमा सबै भन्दा कम दररेटमा श्री सुनिल फलफूल नर्सरी रौतहटले पेश गरेको। सो मध्ये सबैभन्दा कमदररेटमा विरुवा उपलब्ध गराउनसक्छु भनी पेश गर्न श्री सुनिल नर्सरी फर्म,रौतहटको नाममामिति २०७८/०२/२१ गते आशयको सूचना समेत प्रकाशित भएको तर कार्यालयले

तोकेको मापदण्ड सम्बन्धि कुनैपनि फर्मले सिलबन्दी दरभाउपत्र पेश गर्दाका बखत संलग्न नगरेको ।

सिलबन्दी दरभाउपत्र पेश गर्दा नर्सरी विरुवाको निम्नानुसारको गुणस्तर मापदण्ड तोकिएको थियो :

१)रोग किरा रहित स्वस्थ विरुवा हुनुपर्ने ।

२)विरुवा भाइरस मुक्त छ भन्ने प्रमाणित कागजात हुनुपर्ने।

३)नर्सरी १००० मि.भन्दा माथिको स्थानमा हुनुपर्ने।

४)विक्रीगर्ने विरुवा आफ्नै नर्सरीमा उत्पादन भएको हुनुपर्ने।

बोलपत्र मूल्यांकनको क्रममा माथि उल्लेखित मापदण्ड बमोजिमका शर्तहरु पूरा भएको प्रमाणहरु कार्यालयमा पेश गर्न २०७८/०२/३० गते बेलुका ५ बजेसम्म समय दिइएकोमा उक्त अवधिमा कुनैपनि नर्सरी धनीले मापदण्ड बमोजिमको प्रमाणपेश नगरेको । राष्ट्रिय फलफूल विकास केन्द्रको च.नं.४८९ मिति २०७८/२/२६ गतेको पत्रानुसार रौतहटमा उत्पादन गरिएका सुन्तला जातका विरुवा सुन्दरबजार नगरपालिकामा वितरण गर्न प्राविधिक दृस्टीकोणबाट उपयुक्त नहुने भनि लेखि आएको ।नर्सरी धनीहरुले फर्म नुवाकोट,धनकुटा,बनेपामा रहेको भनेतापनि आफ्नै नर्सरी भएको प्रमाण पेश नगरेको,विगतका वर्षहरुमा तराईका विरुवाहरु ल्याई रोपिएकोमा अधिकांस विरुवाहरु मरेको र केही मात्रामा रहेका विरुवाहरुसमेत राम्रोसंग नफस्टाएको,कृषि विकास शाखाको प्राविधिक कर्मचारी समेतले रौतहटका नर्सरी स्थलगत निरिक्षण गर्दा गुणस्तरका विरुवा नरहेको,पानी जम्ने स्थानमा नर्सरी रहेको,उमेर अनुसार विरुवाको उचाईकमरहेको भनीपेश गरेको प्रतिवेदन रराष्ट्रिय फलफूल विकास केन्द्र किर्तिपुर,काठमाण्डौको च.नं.५६१ मिति २०७८/०३/०३ पत्रानुसार कार्य संचालन प्रक्रिया २०७७ को दफा २.२ को

बुदा ख अनुसार आवेदकको कार्ययोजनाको आधारमा लगत इस्टमेटबमोजिम अनुदान उपलब्ध गराइनेछ भनीस्पस्ट उल्लेख भएको हुदा सम्बन्धित प्राविधिक शाखाको कार्य सम्पन्न प्रतिवेदनका आधारमा सहकारी/कृषक समुह/समिति/फर्मलाई सिधै अनुदान उपलब्ध गराउन सकिने व्यहोरा अनुरोध छ भनीलेखी आएको हुदा ठेक्का प्रक्रिया रद्द गरी कागती विरुवालगाउने,कम्तिमा ६ वटा सहकारी/कृषक समुह/समिति/फर्मवा संस्था छनोट गरी प्राविधिक इस्टमेट,कार्ययोजना र प्राविधिक शाखाको काम सम्पन्न प्रतिवेदनका आधारमा सहकारी/कृषक समुह/समिति/फर्म वा संस्थाको बैंक खातामा अनुदान दिने व्यवस्थाका लागि प्रक्रिया अगाडीबढाउन यो कार्यपालिकाको बैठक बाट प्रमुख प्रशासकीय अधिकृतलाई निर्देशन दिने निर्णय गरियो ।

८. शान्ति सृजना आधारभूत विधालय सु.न.पा -४, सत्रसय लाई कक्षा २ संचालनका लागि अनुमति प्रदान गर्ने निर्णय गरियो ।

९. वडा न.६ स्थित लक्ष्मीनारायण मन्दिर पुजारी आवास क्षेत्रमा टिनको छाना छाउन आवश्यक पर्ने रकम रु.२०,००० (अक्षरुपी बीस हजार मात्र) उपलब्ध गराउने निर्णय गरियो।

१०. श्री सत्यसाई केन्द्र सु न पा -७ को अधुरो भवन मर्मतका लागि रु १५००००(अक्षरेपी एक लाख पचास हजार मात्र)रकम विनियोजन गर्ने निर्णय गरियो ।

**११.** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १४ बमोजिम देहायका पदाधिकारी रहने गरी ३ सदस्सीय लेखा समिति गठन गर्ने निर्णय गरियो ।

| | | |
|---|---|---|
| **संयोजक** | **श्री कृष्ण राज खनिया** | **वडा अध्यक्ष,४ नं. वडा कार्यालय** |
| **सदस्य** | **श्री रघुनाथ मिश्र** | **वडा अध्यक्ष, ६ नं. वडाकार्यालय** |

सदस्य शान्ता भुजेल नगरकार्यपालिका सदस्य

माथि उल्लेखित लेखा समितिलाई गत विगत आ.व मा महालेखापरीक्षकको कार्यालयबाट अन्तिम लेखापरीक्षण गर्दा औल्याएका बेरुजु रकमहरु माथि छलफल गरी नियमानुसार नियमित गर्न सकिने वेरुजु सम्परीक्षणका लागि नगरसभा समक्ष पेश गर्ने अधिकार प्रदान गर्ने निर्णय गरियो ।

१२. सँस्कृत सदन मावि सु.न.पा -४ लाई बस खरिदका लागि रु ५,००,००० (अक्षरेपी पाँच लाख मात्र) अनुदान स्वरुप उपलब्ध गराउने निर्णय गरियो ।

१३. आठौ नगरसभामा प्रस्तुत हुने बजेट तथा कार्यक्रम तर्जुमा समितिलाई सहजीकरण गर्न तपशिल बमोजिम मस्यौदा सहजीकरण समिति गठन गर्ने निर्णय गरियो ।

| | | |
|---|---|---|
| **ठाकुर जी तिवारी** | **सामाजिक विकास शाखा प्रमुख** | **संयोजक** |
| **नरेन्द्र राज घिमिरे** | **आर्थिक प्रशासन शाखा प्रमुख** | **सदस्य** |
| **ऋषिराम पौडेल** | **प्रशासन तथा योजना शाखा प्रमुख** | **सदस्य** |
| **सुजन मिश्र** | **सुचना तथा सञ्चार प्रविधि शाखा प्रमुख** | **सदस्य** |
| **राजिब घिमिरे** | **प्रशासन सहायक** | **सदस्य** |

१४. सु.न.पा-०६ स्थित लामा गाउँका विष्णु वहादुर तामाङको घर तथा खानेपानीको मुहान बाढी तथा पहिरोले क्षतिग्रस्त बनाएको हुँदा सो संरक्षणका लागि प्राविधिक स्टिमेट अनुसारको रकम रु ६ लाख ११ हजार ८ सय ५० मा मा नबढ्ने गरी कार्यसम्पन्न प्रतिवेदन र अनुगमन तथा मूल्याङकन समितिको सिफारिस बमोजिमको भुक्तानी दिने गरी विपद व्यवस्थापन शीर्षकबाट विनियोजन गर्ने निर्णय गरियो ।

१५. रुख कटान गर्ने सम्वन्धमा :

- वडा ४ स्थित शान्ति सृजना आधारभूत विद्यालय परिसदमा जोखिम अवस्थामा रहेका पुराना आँप तथा कटहरका रुख कटान गर्ने सम्बन्धित विद्यालय व्यवस्थापन समिति तथा स्थानीय जनप्रतिनिधिहरुले जिल्ला वन कार्यालयसँग समन्वय गरी नियमानुसार गर्न सिफारीस गर्ने निर्णय गरियो।
- भोटेओडार स्थितयुक्त गुरुङ, भेडीखर्के साइलातथा कालु कार्की पार्क अर्थात कृष्ण बगैचा परिसर र रामदीमा जोखिम अवस्थामा रहेका बुढा आँप तथा कटहरका रुख कटान गर्ने सम्बन्धित स्थानीय उपभोक्ता समिति तथा स्थानीय जनप्रतिनिधिहरुले जिल्ला वन कार्यालयसँग समन्वय गरी नियमानुसार गर्न सिफारीस गर्ने निर्णय गरियो।
- सु.न.पा- ७ पाँउदीको मरणघाटमा वाढीले निम्त्याएको क्षतिलाई मध्यनजर गरी सोही स्थानमामरणघाटसंरक्षणका लागि तार जाली भर्न प्राविधिकइस्टमेट,कार्य सम्पादन प्रतिवेदन र योजना अनुगमन समितिको सिफारिस बमोजिम हुन आउने रकम वातावरण संरक्षक शीर्षकबाट विनियोजन गर्ने निर्णय गरियो।

१६. फड्के पुल सम्बन्धमा

- वडा न. ७ र ९ जोड्ने सालिमर्याङ खोला फलामे पुल निर्माणका लागि प्राविधिक इस्टमेट बमोजिमको रकम रु. ३लाख २० हजार ४५ मा नबढ्ने गरी ,कार्य सम्पादन प्रतिवेदन र योजना अनुगमन समितिको सिफारिस बमोजिम हुन आउने रकम अन्य पूर्वधार शीर्षकबाट विनियोजन गर्ने निर्णय गरियो ।उक्त शीर्षकमा रकम अपुग भएमा उपर्युक्त शीर्षकबाट रकमान्तर गरी खर्च गर्ने निर्णय गरियो।

जनकराज मिश्र
प्रमुख

१७. आर्थिक वर्ष ०७७/०७८ को लागि महिला विकास कार्यक्रम वडा नं. ७ को लागि विनियोजित बजेट तपशील बमोजिम संशोधन गर्ने निर्णय गरियो ।

| साविक कार्यक्रम | संसोधित कार्यक्रम |
|---|---|
| महिला विकास कार्यक्रम<br>बजेट:रु २५००००(अक्षरेपी दुइ लाख पचास हजार ) | हातेट्र्याक्टर खरिद |

२२. नवनिर्मित प्रशासकीय भवनमा स्टेज व्यवस्थापनको लागि रु.५०००० (अक्षरुपी पचास हजार मात्र ) विनियोजन गर्ने निर्णय गरियो ।

२३. योजना अनुगमन तथा सुपरीवेक्षण समितिलाई अनुगमनमा खटिएको अवस्थामा खाना बापत रु. ३००(अक्षरेपी तीन सय ) र खाजा वापत रु. २००(अक्षरेपी दुई सय) हुने गरी उपलब्ध गराउने निर्णय गरीयो ।

२४. स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ६५ बमोजिम गठित राजस्व परामर्श समितिको सुझाव सम्बन्धमा छलफल गर्दा आ.व.०७८/०७९ का लागी आर्थिक विधेयक २०७८ निर्मार्णको क्रममा राजस्व परामर्श समितिले पेश गरेका सुझाव मध्ये निर्णय न.११ र १३ बाहेक अन्य सुझावलाई ग्रहण गर्दै अनुसूचि १२ मा संशोधन गरी आ.व. २०७८/०७९ का लागि आर्थिकविधेयक २०७८ छलफल गरी पेश गर्नका लागि विधायन समितिमा पठाउने निर्णय गरियो ।

जनकराज मिश्र
प्रमुख

२५. तारजालि सम्बन्धमा :

मिति २०७७/४/२० मा तार जाली सप्लाईको दोस्रो पटक दररेट आव्हान गरी श्रेष्ठ निर्माण स्टोर्स सुन्दरबजार ६ छनौट भई खरिद प्रकृया अगाडि बढेपनि हालसम्म नगरपालिकामा तारजाली उपलब्ध नभएको । हाल भारी वर्षाका कारण बाढी पैरो आई विपदका घटना बढेको हुँदा यथाशिघ्र ५ लाख रुपैयाको तारजाली खरिद गरी कार्यापालिकाको मिति २०७८/२/१९ को ९९ औ बैठकबाट भएको निर्णय बमोजिमका व्यक्तिहरुलाई वितरण गर्ने व्यवस्था मिलाउन प्रमुख प्रशासकीय अधिकृतलाई निर्देशन दिने निर्णय गरियो ।

२६. चन्द्रेश्वर आधारभूत अस्पतालको जग्गा प्राप्ती, नाप नक्सा, पास लगायत शिलान्यासका क्रममा भएको खर्चको विल भर्पाई वापत कार्यपालिकाको ९४ औ वैठकबाट रु १ लाख ५० हजार (अक्षरेपी एक लाख पचास हजार ) विनियोजन गरेकोमा उक्त रकम भुक्तानी नभएको अवस्थामा सो अस्पतालको DPR तयार गर्ने क्रममा जग्गा अपुग भै पुन: जग्गा दाताहरुबाट जग्गा उपलब्ध गराउने शिलशिलामा पछिल्लो मितिमा थप जग्गा प्राप्त भएको र सो कार्यमा भएको खर्च विल भरपाईको आधारमा हुन आएको एकमुष्ट रकम रु ३,२६,९३७(अक्षरेपी तीन लाख छब्बीस हजार नौ सय सैतीस रुपैया) आ.स. शिर्षकबाट भुक्तानी गर्ने निर्णय गरियो ।

२७. नमुना सामुदायिक अस्पतालको माथिल्लो तलामा कोभिड पोजेटिभ बाट संक्रमित बिरामी राखी उपचार गर्नुपर्ने भएको हुदा बाटो बाट ह्वीलचेयर र स्टेचर माथिल्लो तलामा पुर्याउनको लागि करिब चार फिट ढलान र र्याम्प निर्माणका लागि रु.२५००००(अक्षरुपी दुइ लाख पचास हजार मात्र )इस्टमेट समेत भइ सकेकोले कार्यसम्पन्न प्रतिवेदनका आधारमा भुक्तानी दिने निर्णय गरियो ।

२८. यस  नगरपालिकाको आ.व ०७७/०७८ को चालु सर्शत अनुदान तर्फको विद्यालय भौतिक पूर्वाधार निर्माण अनुदान शीर्षकमा विनियोजन भएको रकम रु १ करोड ६३ लाख ८५ हजार मध्ये २ वटा शौचालय निर्माणका लागि विनियोजन भएको रु १४ लाख रकम घटाई बाँकी हुन आउने रकम रु १ करोड ४९ लाख ८५ हजार  यस नगरपालिकाको एकमात्र नमुना विद्यालय भक्ति नमुना मा.वि को छात्राबास निर्माण प्रयोजनका लागि हाललाई नगदै अनुदान उक्त विद्यालयलाई निकासा दिने र निर्माण कार्य भएपछि नियमानुसार गर्नु पर्ने खर्च नहुँदा सम्म उक्त रकम रोक्का राख्ने व्यवस्था मिलाउन प्रमुख  प्रशासकीय अधिकृतलाई निर्देशन दिने निर्णय गरियो।

२९. ग्लोबल कृषि तथा पशु फर्मको प्रस्तावना अनुसार पोल निर्माणका लागी  रु.४० हजार रकम सम्बन्धित फर्मको नाममा अनुदान स्वरुप उपलब्ध गराउने निर्णय गरीयो।

२०७८/०३/०५

जनकराज मिश्र

प्रमुख